# वीरेन्द्रनगर नगरपालिकाको १९ औ नगरसभाकाको वैठकमा उप प्रमुख श्री निलकण्ठ खनालले प्रस्तुत गर्नु भएको

## आर्थिक वर्ष २०८३/०८४ को बजेट वक्तव्य

आदरणीय नगर सभाका अध्यक्ष तथा सदस्यज्यूहरु,
नयाँ संविधान २०७२ घोषणा भएयता देशको प्रशासनिक संरचना परिवर्तन भई संघीय व्यवस्था अनुसार २०७९ साल वैशाख ३० गतेबाट हामीले स्थानीय तहको दोस्रो कार्यकालसमेत निर्वाचित भएर चार वर्ष पूरा गरेका छौं।
यस अवसरमा कर्णाली प्रदेश प्राप्तिमा योगदान गरेका वीर शहिदहरु सहित राष्ट्रिय एकता र अखण्डता कायम तथा संघीय लोकतान्त्रिक गणतन्त्रलाई परिपक्व वनाउने क्रममा विभिन्न समयमा साहदत प्राप्त गर्ने शहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। यस्तै विभिन्न आन्दोलनका क्रममा घाइते, अपांग वा बेपत्ता भएका सबै जना प्रति उच्च सम्मान व्यक्त गर्दछु। साथै समाज परिवर्तन र नेतृत्वका क्षेत्रमा अगाडि रहेका सबै अग्रजहरूलाई सम्मान व्यक्त गर्न चाहन्छु।

निर्वाचन समयावधिका हिसावले हाम्रो कार्यकालको अन्तिम बजेटका रुपमा वीरेन्द्रनगर नगरपालिका, सुर्खेतको १९ औं गरिमामय नगरसभामा नगर उपप्रमुखको हैसियतले आर्थिक वर्ष २०८३/०८४ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा म हर्षित छु।

विगत चारवटा बजेटद्वारा नगरको पूर्वाधार, सामाजिक सेवा, आर्थिक विकास, सार्वजनिक सेवा, सुशासन तथा वातावरण र विपद् व्यवस्थापन क्षेत्रमा उल्लेखनीय सुधार आएको छ भन्ने अनुभूती गर्दछु। नगरको प्रमुख समस्याका रुपमा रहेको खानेपानी समस्यालाई समाधान गर्न निर्माणाधिन पूर्वाधार विकास सहित शहरी सौन्दर्य, समावेशी विकास र वडास्तरसम्म पुगेको छरितो सेवाले नागरिक जीवनमा प्रत्यक्ष सकारात्मक प्रभाव पारेको छ भन्नेमा विश्वस्वस्थ छु ।

वीरेन्द्रनगरको बढ्दो शहरीकरणलाई अवसर र चुनौती दुवैका रूपमा लिएर, यस नगरलाई कर्णाली प्रदेशकै प्रथम उप–महानगरपालिका बनाउने पूर्वाधार तयार पार्ने उदेश्यका साथ हामीले नगरपालिका स्तरको वित्तीय तथा संस्थागत क्षमतामा वृद्धि गरी नगरलाई समृद्ध बनाउँदै अर्थतन्त्रलाई गतिशील बनाउने दृढ संकल्प लिएका छौं।
गत आर्थिक वर्ष आ.व. ०८१/०८२ का लागि विनियोजित बजेट मध्ये सो वर्षको कुल खर्च ६३.१५ प्रतिशत रहेको छ, जसमा ८४ प्रतिशत चालु र ५१ प्रतिशत पूँजीगत खर्च रहेको छ । चालु आर्थिक वर्ष २०८२/०८३ को विनियोजित बजेटबाट २०८३ जेष्ठ मसान्तसम्म कुल खर्च ३९.८२ प्रतिशत पुगेको छ; जसमा ६६ प्रतिशत चालु र २८ प्रतिशत पूँजीगत खर्च भएको छ। यद्यपि कुल पूँजीगत

खर्च प्रतिशत केही कम देखिएता पनि वडा तथा नगरस्तरका ९० प्रतिशतभन्दा बढी पूर्वाधार आयोजनाहरू हाल कार्यान्वयन अवस्थामै रहेका छन् र प्रशस्त आयोजनाहरू भुक्तानीको चरणमा छन् भन्ने जानकारी नगरसभामा गराउन चाहन्छु

बजेट तर्जुमा गर्दा मैले नेपालको संविधान, नेपाल सरकारको सोहौं पञ्चवर्षिय योजना, संघीय सरकार तथा कर्णाली प्रदेश सरकारको बजेट वक्तव्य, कर्णाली प्रदेशको दोश्रो आवधिक योजना, नगरपालिकाको प्रस्तावित प्रथम पंचवर्षिय योजना, दिगो विकासका लक्ष्य, विभिन्न ऐन नियम तथा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ लगायतका कानूनहरु, चुनावी घोषणापत्र र वीरेन्द्रनगर नगरपालिकाको नीति तथा कार्यक्रमलाई महत्वपूर्ण आधारको रुपमा लिएको छु । यस नगरको दीर्घकालीन सोंच "शैक्षिक प्रशासनिक र पर्यटकीय शहर, स्वच्छ, स्वस्थ समुन्नत वीरेन्द्रनगर" बाट निर्देशित हुँदै जनप्रतिनिधि, वुद्धिजिवी, पेशाविद् र आम नगरवासीबाट प्राप्त सुझावलाई समेत यथोचित महत्व दिएको छु ।

**आदरणीय अध्यक्षज्यू एवं सदस्यज्यूहरु,**

अब म नगरपालिकाको आर्थिक बर्ष २०८३/०८४ का लागि राजश्व तथा व्ययको अनुमान प्रस्तुत गर्न चाहन्छुः

सीमित स्रोत साधनले असीमित माग र बढ्दो आकांक्षालाई एकै पटक सम्बोधन गर्न नसकिने यथार्थमा नगरपालिकालाई नेपाल सरकार तथा प्रदेश सरकारवाट प्राप्त बजेट सिलिङ्ग र नगरको आन्तरिक आय  समेतलाई आँकलन गरी नगर प्रमुखवाट जारी भएका नीति तथा कार्यक्रमहरु प्राथमिकताका आधारमा कार्यान्वयन गर्नका लागि आर्थिक वर्ष २०८३/०८४ का लागि निम्नानुसार बजेट तर्जुमा गरिएको छ ।

**बजेटको लक्ष्यः**

**शैक्षिक, प्रशासनिक र पर्यटकीय शहर, स्वच्छ, स्वस्थ, समुन्नत वीरेन्द्रनगर** भन्ने सोचका साथ अघि बढी वीरेन्द्रनगरलाई आर्थिक रुपले सम्पन्न, भौतिक रुपले योजनावद्ध शहरी सुविधायुक्त, लैंगिक रुपमा महिला मैत्री, सामाजिक रुपले समावेशी/सहभागितात्मक, वातावरणीय रुपले स्वच्छ, सफा तथा व्यवस्थापकीय रुपले सुव्यवस्थित शैक्षिक, प्रशासनिक र पर्यटकीय शहरको रुपमा निर्माण गर्दै कर्णाली प्रदेशको ब्यवस्थित राजधानीका रुपमा विकास गर्ने लक्ष्य लिईएको छ ।

**बजेटका उद्देश्यहरुः**

अब म आर्थिक वर्ष २०८३/८४ को बजेटका उद्देश्यहरु उल्लेख गर्न चाहन्छु ।

- स्वच्छ खानेपानी तथा सरसफाईमा नगरबासीको सहज पहुँचमा वृद्धि गर्दे नगरमा भएको खानेपानी समस्यालाई दीगो ब्यवस्थापनको पूर्वाधार विकास गर्ने ।
- शिक्षा, स्वास्थ्य तथा सामाजिक सेवाहरुको हबको रुपमा बीरेन्द्रनगरलाई स्थापित गर्न आधार तयार गर्ने ।
- नगरपालिका क्षेत्रलाई कर्णाली प्रदेशकै ब्यापारिक हबका रुपमा विकास गदै रोजगारी सिर्जना, आर्थिक विकास र गरिबी निवारणमा प्रत्यक्ष योगदान, कृषि तथा पशुजन्य उत्पादनको व्यावसायीकरण र स्थानीय स्रोतसाधन र बजारले मागेको औद्योगिक उत्पादन तथा उत्पादनशील सेवा तथा सुविधाको उपलब्धता, उपयोग र बजारीकरणमा वृद्धि गर्न सहयोग गर्ने ।
- नागरिकको जीवन र जीविकोपार्जन सहज बनाउन स्थानीय पूर्वाधारहरु दिगो बनाइ व्यवस्थित गर्ने ।
- सेवा प्रवाहमा सूचना प्रविधिको विकास र उपयोग व्यापक बनाउने ।
- धार्मिक तथा सांस्कृतिक पूर्वाधारहरुको संरक्षण र विकास गर्दै र संस्कृतिमैत्रि पर्यटनको विकास गर्ने ।
- आगलागी नियन्त्रणको थप क्षमताका लागि संस्थागत विकास गर्दै विपदजन्य जोखिम न्यूनीकरणका लागि पूर्व तयारीमा रहदै जैविक विविधता र वातावरणीय स्रोतको संरक्षण र दिगो उपयोगलाई बढावा दिने ।
- ल्याण्डफील साइटमा प्रविधिकको प्रयोग गर्दे प्लाष्टीकजन्य फोहरलाई चक्रिय अर्थतन्त्र विधिवाट ब्यवस्थापन सुरुवात गर्ने ।
- राष्ट्रिय खेलकुद प्रतियोगितामा आयोजक शहरका रुपमा व्यवस्थित आथित्यता प्रदान गर्दे स्थानीय पर्यटन प्रवर्धनको अवसरका रुपमा लिने ।
- कर्णाली प्रदेशवासीको गौरवको शहरका रुपमा विकास गर्ने ।
- आधारभूत स्वास्थ्य सेवाको गुणस्तरमा बृद्धि र सुलभता ल्याउनुका साथै महिला र बालबालिका विशेषज्ञ अस्पतालको व्यवस्थित सञ्चालन गर्ने ।
- राजस्वको दायरा फराकिलो बनाउदै घर दैलो सेवा तथा विद्युतीय राजस्व संकलन प्रणाली मार्फत नगरको आन्तरिक आय वृद्धि गर्ने ।
- समय सापेक्ष संगठन तथा संस्थागत सुधार गर्दै उपमहानगर उन्मुख शहरी सुविधा र सुशासन कायम गर्ने
- संघीय सरकार, प्रदेश सरकारका नीति तथा कार्यक्रम र विकास साझेदार तथा सहयोगी निकायहरुसंग सहकार्य गरी विभिन्न योजना तथा कार्यक्रम संचालन गर्ने ।

सभाध्यक्षज्यू तथा सभा सदस्यज्यूहरु

माथि प्रस्तुत भएका उद्देश्यहरु पूरा गर्नका लागि देहाय बमोजिमका क्षेत्रगत नीति अबलम्बन गर्नका लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

**क) राजश्व तथा वित्त व्यवस्थापन तर्फ**

१. आर्थिक वर्ष ०८३/०८४ का लागि स्वीकृत कर दस्तुरलाई समय सापेक्ष संशोधन सहित र करको दायरा विस्तारको नीति तथा करका दरहरुमा आवश्यकता र औचित्यताको आधारमा छुट एवं सहुलियत दिने नीति लिईनेछ । आगामी आर्थिक वर्ष २०८३/०८४ मा कर प्रणालीमा सुधार गरी रु. ३३ करोड ६ लाख ५० हजार संकलन गरिने लक्ष्य लिइएको छ ।

२. नेपालको संविधान अन्तर्गत स्थानीय तहको अधिकार सूचीभित्र पर्ने सम्पत्ति कर, भूमीकर, घरजग्गा वहालकर, व्यापार व्यवसाय कर, जडिबुटी, कवाडी तथा जीवजन्तु कर, सवारी साधन कर, विज्ञापन कर, मनोरन्जन कर, वहाल विटौरी शुल्क, पार्किङ शुल्क, विभिन्न सेवा शुल्क दस्तुर क्षेत्रलाई फराकिलो पार्दै कर एवम् शुल्क तिरेको अनुभुति हुने गरी कर संकलन कार्यलाई निरन्तरता दिईनेछ ।

३. नगरपालिकाले कानुन बमोजिम लिने घरवहाल कर, ब्यवसायकर जस्ता नगरका प्रमुख श्रोतका रुपमा रहेका करहरु प्रत्येक वडा कार्यालयवाट टोल विकास संस्था तथा निजी क्षेत्रसंगको सहकार्यमा कर संकलन गरिनेछ

**ख) पूर्वाधार विकास तर्फ**

४. उपत्यकाको खानेपानी समस्यालाई दिगो समाधान गर्न भेरीको पानी लिफ्टिङ्ग आयोजना अगाडि वढाउन संघीय सरकार, प्रदेश सरकार र विकास साझेदारहरुसंग सहकार्य गर्न आवश्यक रु. १८ करोड स्थानीय श्रोतवाट म्याचिङ फण्डको ब्यवस्था गरिएको छ ।

५. वीरेन्द्रनगर नगरपालिकाको खानेपानीको समस्यालाई तत्काल समाधान गर्न डिप बोरिङ, खानेपानी पाइप लाइन विस्तार तथा पुराना आयोजनाहरुको मर्मत संभार र विस्तार तथा खानेपानी प्रणाली सुधारको लागि वडास्तरीय कार्यक्रम मार्फत यथोचित बजेट विनियोजन गरिएको छ ।

६. चालू आ.ब. मा संचालित राजधानी केन्द्रित शहरी सौन्दर्यताका पूर्वाधार घण्टाघर पार्क लगाएत अन्य पार्क एवं खुल्ला क्षेत्र सजावट तथा पार्किड स्थल निर्माणका आयोजनाकाहरुको पूर्णताका लागि यथोचित बजेट सुनिश्चित गरेको छु ।

७. शहरी पूर्वाधारहरूको विकास तथा विस्तारबाट सेवा, सुविधा र बजारमा पहुँच र उपयोग वृद्धि भई जीवनयापनमा सहजता ल्याउन विभिन्न आयोजना तथा कार्यक्रम सञ्चालनका लागि प्रत्येक वडामा कम्तिमा ५० लाख वढी रकम पूर्वाधार क्षेत्रमा पर्ने गरि बजेट ब्यवस्था मिलाएको छु ।

१०. कर्णाली प्रदेश सरकार र संघिय सरकारवाट हस्तान्तरित पूर्वाधार आयोजनालाई ब्यवस्थापन गर्न सक्षम कर्मचारी तथा संस्थागत विकासका लागि यथोचित बजेटको ब्यस्थापन समेत गरेको छु ।

**ग) सामाजिक विकास तर्फ**

११. यस नगरपालिकालाई शैक्षिक हबको गन्तव्यका रुपमा विकास गर्दै गुणस्तरीय विद्यालय शिक्षामा सवै बालबालिकाहरुको समतामुलक पहुँच सुनिश्चित गर्न सशर्त बाहेक ६ करोड नगर स्तरमा विनियोजन गरेको छु भने वडा तहमा समेत आवश्यक्ताका आधारमा शिक्षामा वजेट ब्यवस्था मिलाएको छु ।

१२. नगरपालिकाका युवाहरुको क्षमता विकास गर्न तथा युवाहरुलाई नगर समृद्धिको अभियानमा परिचालन गर्नका लागि **युवा सशक्तिकरण कार्यक्रम** सञ्चालन गर्नका लागि आवश्यक वजेट विनियोजन गरेको छु ।

१३ समग्र खेलकुद क्षेत्रको प्रबर्धन सहित दशौं राष्ट्रिय खेलकुद प्रतियोगिताको सञ्चालन तथा व्यवस्थापनमा आवश्यक सहयोग गर्ने कार्यक्रमसहित युवा तथा खेलकुद क्षेत्रमा आवश्यक वजेट विनियोजन गरेको छु ।

१४. आधारभूत स्वास्थ्य सेवाको गुणस्तरमा बृद्धि र सुलभता ल्याउने स्वास्थ्य संस्था र स्वयंसेविका लगाएत जनशक्तीको क्षमता विकास तथा गुणस्तरीय सेवा प्रवाहकालागि सशर्त बाहेक २ करोड ६० लाख महिला बालबालिका नगर अस्पताल र १५ सैयाको अस्पताललाई संचालनमा ल्याउन थप २ करोड प्रवन्ध गरेको छु ।

१५ हिंसा पिडित महिलाका लागि आश्रय दीन तथा उनिहरुको मनोवल उच्च वनाउन सेफहाउस संचालन तथा ब्यवस्थापनका लागि २० लाख बजेटको ब्यवस्था गरेको छु ।

१६. विकास प्रकृयामा महिला, दलित, जनजाति, आदिवासी र अपाङ्गता भएका व्यक्तिहरुको पहुँचमा बृद्धि गर्दै अर्थपूर्ण सहभागितामा बृद्धि गराउन, युवाहरुमा अनुशासन, सक्षमता, स्वावलम्वन, भविष्यप्रति सम्वेदनशीलताको विकास गर्न विभिन्न आयोजना तथा कार्यक्रम सञ्चालनका लागि सशर्त बाहेक नगरस्तरीय बजेट ३० लाख सहित वडा स्तरमा समेत यस प्रकारका कार्यक्रम संचालन गर्न यथोचित वजेटको ब्यवस्था मिलाएको छु ।

**घ) आर्थिक विकास तर्फ**

१७. कृषि व्यवसायमा महिलाहरुको सहभागितामा बृद्धि गर्दै कृषि तथा पशुपालन पेशा व्यावसायिक रोजगारमूलक तर्फ उन्मुख गराउनुका साथै देशमा उत्पन्न हुन सक्ने खाद्य संकटसंग सामना गर्दे नगरलाई विभिन्न उत्पादनमा आत्मनिर्भर वनाउन **क्षमता विकास तथा आयआर्जन कार्यक्रम** संचालन गर्न रु. १ करोड सहित कृषि तथा पशु विकास तर्फ, उद्यम विकास र वडातहवाट कार्यक्रम संचालन गर्न यथोचित वजेट ब्यवस्था गरेको छ ।

१९. सहकारी, घरेलु, उद्योग, पर्यटन प्रवर्द्धन कार्यक्रमका लागि नगर स्तरीय तथा वडा स्तरको बजेटवाट यथोचित बजेटको विनियोजन गरेको छ ।

**ङ) वन, वातावरण तथा विपद् व्यवस्थापन**

२०. श्रोतमा नै फोहरको वर्गीकरण गर्दे वातावरणमैत्री ढंगले फोहर मैला व्यवस्थापनको आधार तयार गर्न रु २ करोड ५० लाख विनियोजन गरेको छ ।

२१. नगरको हरियाली प्रवर्धन कार्यलाई शहरी सौन्दर्य प्रवर्धन गर्न नगर तथा वडास्तरमा यथोचित वजेट ब्यवस्था मिलाएको छ ।

२२. विपदजन्य जोखिम न्यूनिकरणका लागि पूर्व तयारीमा रहन यथोचित बजेट विनियोजन गरेको छ ।

२३. वन वातावरण तथा विपद् व्यवस्थापनका क्षेत्रमा संघीय सरकार, प्रदेश सरकार र विकास साझेदारहरु संग समन्वय एवं सहकार्य गर्ने गरी वडा तथा नगर स्तरवाट कार्यान्वियन हुने गरी यथोचित बजेट विनियोजन गरेको छ।

**च) सार्वजनिक सेवा तथा क्षमता विकास**

२४. समय सापेक्ष संगठन तथा संस्थागत सुधार गर्दै उपमहानगर उन्मुख शहरी सुविधा र सुशासन कायम गर्न रु. १ करोड विनियोजन गरेको छ ।

२५. घर नम्वरीड, नगरको स्थानगत आवधिक योजना छपाई, प्रोफाईल निर्माण जस्ता नगर महत्वका योजनाका लागि रु. ४० लाख वजेट ब्यवस्थाप गर्दै सुशासन प्रवर्द्धन, कर्मचारी पदाधिकारीहरुको क्षमता विकास, सञ्चारकर्मीको प्रोत्साहन तथा मिडिया परिचालन गर्न र न्यायिक सेवा व्यवस्थापन

गर्न यथोचित बजेटको व्यवस्थापन गर्दै सार्वजनिक सेवा तथा क्षमता विकास क्षेत्रमा वडा तथा नगर स्तरवाट कार्यान्वयन हुने गरी सार्वजनिक सेवा तथा क्षमता विकास तर्फ यथोचित वजेटको विनियोजन गरेको छ ।

२६. नगरको सेवालाई नियमन गर्न नगर प्रहरीको प्रभावकारी परिचालन गर्न चालूतर्फको बजेटबाट समेत यथोचित बजेट ब्यवस्था गरेको छ ।

**आदरणीय नगर सभाका सभा अध्यक्षज्यू तथा सदस्यज्यूहरु,**

अव म आर्थिक बर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम कार्यान्वयको लागि स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्ने अनुमति चाहन्छु । आगामी आर्थिक वर्षको खर्च व्यहोर्ने स्रोत निम्न अनुसार रहेको छ ।

१. संघीय वित्तीय सामानीकरण अनुदान रु. २४ करोड ६० लाख
२. संघीय सर्शत अनुदान रु. २ अर्व ६७ करोड ९६ लाख
३. संघीय राजश्व बाँडफाँड रु. २१ करोड ३६ लाख ४७ हजार
४. प्रदेश सरकार वित्तीय समानीकरण अनुदान रु. ३ करोड ५३ लाख ३५ हजार
५. प्रदेश सशर्त अनुदान रु. ५० करोड ५३ लाख ७२ हजार
६. प्रदेश राजस्व वांडफांड रु. ४४लाख ११ हजार
७ स्थानीय राजस्व वांडफांड १८ करोड
८. नगरपालिकावाट संकलित कर तथा गैर कर (आन्तरिक आय) रु. ३३ करोड ६ लाख ६५ हजार
९. बैंक मौज्दात ३ करोड ९३ लाख ५७ हजार
१०. सामाजिक सुरक्षा अनुदान रु. ४३ करोड

**कुल बजेट ४ अर्ब ७१ करोड २ लाख ७२ हजार मात्र आगामी आर्थिक बर्षका लागि प्रस्ताव गरिएको छ ।**

**सभाध्यक्ष एवम् नगर सभा सदस्यज्यूहरु,**

अब म आर्थिक बर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम कार्यान्वयनको लागि स्रोत व्यवस्थापनको विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

- तलब भत्ता तथा कार्यालय सञ्चालनका लागि रु. ३४ करोड
- खानेपानी, सुशासन तथा पूर्वाधार प्रवर्धन कार्यक्रम म्याचिङ्ग फण्ड (भेरी पम्पिङ्ग आयोजना) सञ्चालन व्यवस्थापन एवम् सहकार्यका लागि रु. १८ करोड
- वडास्तरीय योजना तथा कार्यक्रमका लागि रु. १६ करोड ६७ लाख
    - विभिन्न शाखागत नगर स्तरीय आयोजना तथा कार्यक्रम संचालन १४ करोड ५० लाख
    - सामाजिक सूरक्षा कार्यक्रम ४३ करोड
- नगर प्रमुखबाट पेश भएका नीतिको कार्यान्वयनका लागि संघीय तथा प्रदेश सशर्त सहित नगरस्तरीय क्षेत्रगत कार्यक्रमहरु संचालन गर्न रु. ३ अर्ब ४४ करोड ८५ लाख ७२ हजार बिनियोजन गरिएको छ

**यसरी आर्थिक बर्ष २०८३/०८४ का लागि चालू तथा पूँजीगत खर्च गर्नका लागि कुल बजेट ४ अर्ब ७१ करोड २ लाख ७२ हजार विनियोजन गरेको छु।**

जसमा आर्थिक बर्ष २०८३/०८४ मा चालू, पूँजीगत र वित्तीय व्यवस्था यस प्रकार रहेको छ ।

| **क्षेत्र** | **बजेट रकममा रु.** | **प्रतिशत** |
|---|---|---|
| चालू | १,६८,३१,८९,२००।००<br>(१ अर्ब ६८ करोड ३१ लाख ८९ हजार २सय मात्र ) | ३६ |
| पूँजीगत | ३,०२,७०,८२,८००।००<br>(३ अर्व २ करोड ७० लाख ८२ हजार ८ सय मात्र) | ६४ |
| वित्तीय ब्यवस्था | | ० |

**आदरणिय नगर सभाका सभा अध्यक्षज्यू तथा सभा सदस्यज्यूहरु,**

यस बजेटको कार्यान्वयनबाट विगतको अथक प्रयासबाट प्राप्त उपलब्धिलाई संस्थागत गर्दै, सबै नगरबासीका लागि अति आवश्यक पूर्वाधार निर्माण, सामाजिक न्याय, आधारभुत शिक्षा एवं स्वास्थ्य

सेवामा पहुँच लगायत शहरी सौन्दर्यमा टेवा पुगी नगरपालिकाको सबै क्षेत्रको दिगो एवम् सन्तुलित विकासमा सहयोग पुग्ने विश्वास लिएको छु ।

**अन्तमा,**

बजेट कार्यान्वयनमा विगतमा झै सबै जनप्रतिनिधिज्यूहरु, राजनीतिक दल, निजी व्यावसायिक क्षेत्र, संघ संस्था एवं नगरबासी सम्पूर्ण दिदीबहिनी र दाजुभाईहरुबाट सहयोग हुने अपेक्षा लिएको छु। बजेट तर्जुमा गर्ने क्रममा महत्वपूर्ण सल्लाह सुझाव दिनुहुने सबै राजनैतिक दल, जनप्रतिनिधि, निजी व्यावसायिक क्षेत्र, संघ संस्था सम्पूर्ण नगरवासी दाजुभाई दिदी बहिनी, नगर प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, सम्पुर्ण कर्मचारी साथीहरु लगायत पत्रकार जगत सबैलाई हार्दिक धन्यबाद व्यक्त गर्दै बजेट कार्यान्वयनमा समेत सबैबाट पूर्ण रुपमा सहयोग हुने अपेक्षा लिएको छु।

**धन्यवाद ।**

निलकण्ठ खनाल

उप-प्रमुख

वीरेन्द्रनगर नगरपालिका

मितिः २०८३/०३/१० गते